**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

# परीक्षा नियन्त्रण कार्यालय

**सानोठिमी, भक्तपुर**

## प्राविधिक एस.एल.सी., AMCHI तथा TECS कार्यक्रमको परीक्षा आवेदन फाराम भरी बुझाउने बारे अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७४।०५।२६ गते**

यस परिषद्बाट सम्बन्धन/स्वीकृत प्राप्त गरी निजी स्तरमा तथा साधारण माध्यमिक विद्यालयहरु TECS कार्यक्रमको रुपमा विभिन्न विषयमा तालीम कार्यक्रम संचालन गर्ने र आंगिक रुपमा विभिन्न विषयमा अध्यापन गराएका विभिन्न शिक्षण संस्थाहरुले नियमित तथा आंशिक प्रशिक्षार्थीहरूको लागि २०७४ साल कार्तिक / मंसिर महिनामा संचालन हुने परीक्षामा सम्मिलित हुन सम्बन्धित प्रशिक्षार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई तपशिलको शर्त नं १४ अनुसार तोकिएको मिति भित्र तपशिलको शर्त नं ५मा उल्लेख गरिए वमोजिमको परीक्षा शूल्क बुझाएको वैंक भौचरको प्रति आवेदन फारामको साथ यस परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय कोहलपुर, मध्य क्षेत्र क्षेत्रीय कार्यालय भरतपुर र पूर्व क्षेत्र ,क्षेत्रीय कार्यालय ईटहरी मध्ये तोकिएको क्षेत्रीय कार्यालयमा अनिवार्य रुपमा बुझाउन हुन सम्बन्धित सवै शिक्षण संस्था एवं प्रशिक्षार्थीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तपशिलका शर्तहरू पूरा नभएका र तोकिएको समय भित्र फाराम नबुझाउने प्रशिक्षार्थीहरूलाई परीक्षामा सम्मिलित गराउन नसकिने व्यहोरा समेत सूचित गरिन्छ।

### *परीक्षा संचालन हुने कार्यक्रम तथा समूहहरु :-*

- २०७३/०७४ शैक्षिक शत्र का प्रा.एस.एल.सी. कार्यक्रमको(१५+३) का सम्पूर्ण नियमित समूहः
  *(SURVEY ENGINEERING , AUTOMOBILE ENGINEERING , AYURVEDA , AUXILIARY NURSING MIDWIFERY ( ANM) , COMMUNITY MEDICINE ASSISTANT (CMA), COMMUNITY AMCHI ASSISTANT)*
- २०७२/०७३ शैक्षिक शत्र का दुई वर्षे कार्यक्रमको द्धितिय वर्षेको नियमित समूह :*(COMMUNITY AMCHI ASSISTANT )*
- २०७०/०७१ शैक्षिक शत्र का दुई वर्षे कार्यक्रमको प्रथम वर्षेको आंशिक समूह :*(COMMUNITY AMCHI ASSISTANT )*
- २०६९/०७० शैक्षिक शत्र का दुई वर्षे कार्यक्रमको द्धितिय वर्षेको आंशिक समूह :*(COMMUNITY AMCHI ASSISTANT)*
- शैक्षिक सत्र २०७०/०७१ देखि प्रशिक्षण लिई हालसम्म अनुत्तीर्ण भएका सम्वन्धित कार्यक्रमका आंशिक समूहहरु :
  *(SURVEY ENGINEERING , AUTOMOBILE ENGINEERING , AYURVEDA , AUXILIARY NURSING MIDWIFERY ( ANM) , COMMUNITY MEDICINE ASSISTANT (CMA),* **DENTAL ,ELECTRICAL ENGINEETING (OLD COURSE)**, *COMMUNITY AMCHI ASSISTANT) )*

### *शर्तहरू :-*

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणका साथ रजिष्ट्रेशन नम्बर र रजिष्ट्रेशन अर्धकट्टीको प्रतिलिपि (नियमित प्रशिक्षर्थीको हकमा) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। अन्यथा फाराम बुझिने छैन।

२. परीक्षा नियन्त्रण कार्यालयबाट उपलव्ध गराइएको समष्टिगत **(Triplicate )** फाराममा प्रशिक्षार्थीले परीक्षा दिने विषयको विवरण साथ प्रशिक्षार्थीको नाम थर **Alphabetic order** मा भरी समष्टिगत**(Triplicate )** फारामको एक एक प्रति ***Soft Copy (CD, MS-Excel–2007)*** र ***Hard Copy (Printed Copy)*** परीक्षा आवेदन फाराम साथ अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ अन्यथा फाराम बुझिने छैन॥

३. प्रशिक्षार्थीहरुको समष्टिगत फाराम तथा आन्तरीक मूल्याङ्कन फाराम भर्दा रजिष्ट्रेशन नम्बरको क्रमानुक्रम **( Acceding Order)** अनुसार एकै किसिमले तयार पारी एक एक प्रमाणित प्रति ***Soft Copy (CD, MS-Excel –2007)*** र ***Hard Copy (Printed Copy)*** फाराम साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

४. नियमित प्रशिक्षार्थीहरूको ९०% हाजिरी भएका र आन्तरीक मूल्याङ्कन सबै विषयमा उत्तीर्ण भई योग्य भएका प्रशिक्षार्थीहरूलाई मात्र अन्तिम परीक्षामा सम्मिलित गराइने छ अन्यथा आन्तरीक मूल्याङ्कनमा अनुत्तीर्ण रहेका प्रशिक्षार्थीहरुलाई अन्तिम परिक्षामा सम्मिलित गराएमा त्यस्ता प्रशिक्षार्थीहरुको सम्बन्धित विषयको परीक्षा स्वतः रद्द हुनेछ।

५. ***परीक्षा शुल्क :-*** नियमितको हकमा प्रति प्रशिक्षार्थी रु. २०१०।- (अक्षरेपी दुई हजार दश मात्र) ( परीक्षा शुल्क रु. १७००।- र कार्यगत मूल्याङ्कन *(OJT)* रु. ३००) तथा आवेदन फाराम शुल्क रु १०। र आंशिकको हकमा प्रति फाराम शूल्क वापत रु. २००।-(दुई सय) र थप विषय रु. १५०।- (एक सय पचास) का दरले तथा TECS कार्यक्रम संचालन गर्ने विद्यालयहरुको नियमितको हकमा प्रति प्रशिक्षार्थी रु. ५००।- (अक्षरेपी पांच सय मात्र) र आंशिकको हकमा प्रति फाराम शूल्क वापत रु. २००।- ( दुई सय) र प्रति थप विषय रु. १५०।- (एक सय पचास ) तथा आवेदन फाराम शुल्क रु १०। का दरले तथा आफ्नै निजी श्रोतबाट संचालन गर्न स्वीकृत पाएका विद्यालयले प्रति प्रशिक्षार्थी रु. २०१०।- (अक्षरेपी दूई हजार दश मात्र) (परीक्षा शुल्क रु. १७००।- र कार्यगत मूल्याङ्कन *(OJT)* रु. ३०० तथा आवेदन फाराम शुल्क रु १०।) र आंशिकको हकमा प्रति फाराम शूल्क वापत रु. २००।-(दुई सय) र थप विषय रु. १५०।- (एक सय पचास) का दरले तथा विलम्व शूल्कको हकमा नियमित र आंशिक तर्फ प्रति फाराम शूल्क २००।-(दुई सय) का दरले लाग्ने थप रकम समेत गरि परीक्षा नियन्त्रण कार्यालयको रा.वा. बैङ्क, सानोठिमी स्थित च.हि.नं. १७३००००११०१, पश्चिम क्षेत्र क्षेत्रीय कार्यालयको कोहलपुर स्थित रा.वा. बैङ्क च.हि.न ४२८००००९१९०१, मध्य क्षेत्र क्षेत्रीय कार्यालयको भरतपुर स्थित रा.वा. बैङ्क च.हि.नं १३१०००६६७१०१ र पूर्व क्षेत्र क्षेत्रीय कार्यालयको ईटहरी स्थित रा.वा. बैङ्क, च.हि.न २५५०००१२७८०१ मा रकम दाखिला हुने गरी खिचिएको वैंक भौचर संलग्न हुनु पर्नेछ। भौचरको पछाडी पट्टी शिक्षण संस्थाको नाम, ठेगाना र प्रयोजन स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

६. नियमित प्रशिक्षार्थीहरूले सेतो रंगको तथा आंशिक प्रशिक्षार्थीहरुले पहेंलो रंगको परीक्षा आवेदन फाराम सम्बन्धित शिक्षण संस्था मार्फत सम्बन्धित शिक्षण संस्थाले तोकेको मिति भित्र बुझाउनु पर्नेछ। साथै कुनै संस्था बन्द गरिएको भए उक्त संस्थाले अख्तियार गरेको संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ। प्रशिक्षार्थीहरूबाट व्यक्तिगत रुपमा बुझाउन ल्याउने फाराम परीक्षा नियन्त्रण कार्यालय र सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा दर्ता हुने छैन।

७. शैक्षिक सत्र २०६९/०७० भन्दा अगाडी प्रशिक्षण लिएकाहरुको फाराम संग्लन गराईएको भेटिएमा त्यस्ता फारामहरु स्वतः रद्द हुनेछ, यस्ता फाराम संग्लन गराई पठाउने संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ।

८. शिक्षण संस्थाहरुबाट विषयगत नियमित तथा आंशिक परीक्षार्थीहरुको आवेदन फाराम प्रत्येक शैक्षिक शत्र अनुसार छुट्टाछुट्टै फाइल खडा गरी छुट्टा छुट्टै रकम बुझाएको रसिद संलग्न गरी परीक्षा नियन्त्रण कार्यालय र सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा दर्ता गर्नु पर्नेछ।

९. परीक्षा आवेदन फारामका साथ हालसालै खिचिएको दुई प्रति पासपोर्ट साईजको फोटो समावेश गर्नु पर्नेछ।

१०. आंशिक प्रशिक्षार्थीहरुको हकमा परीक्षा नियन्त्रण कार्यालयले संचालन गरेको अघिल्लो परीक्षाबाट प्राप्त लब्धाङ्क पत्रको प्रतिलिपि फाराम साथ अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ साथै अनुत्तीर्ण प्रशिक्षार्थीहरुले फाराम भर्दा *OJT* तथा प्रयोगात्मक विषय समेत अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्नेछ।

११. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समयपछि प्राप्त आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन, त्यसको जवाफदेही परीक्षा नियन्त्रण कार्यालय हुने छैन।

१२. कुनै पनि शिक्षण संस्थाले रजिष्ट्रेशन नभएका प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फारम नियतवस समावेश गराई यदि प्रशिक्षार्थीहरुले परीक्षा दिएमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा नजिता स्वतः रद्ध हुने छ र शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ।

१३. परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाइएमा परीक्षा आवेदन फाराम बुझिने छैन।

१४. सम्बन्धित शिक्षण संस्थाहरुले नियमित परीक्षाको आवेदन फारामहरु मिति २०७४ भाद्र २६ गते देखी २०७४ आश्विन २६ गते भित्र नियमति शुल्कको हकमा र विलम्ब शुल्कको हकमा मिति २०७४ आश्विन २७ गते देखी २०७४ कार्तिक १० गते भित्र बैंक भौचर सहित काठमाण्डौ, ललितपुर, भक्तपुर, दोलखा, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, रसुवा, सिन्धुली, ओखलढुङ्गा र काभ्रे जिल्लाका शिक्षण संस्थाहरुले परिषद्, प.नि.का. र माथि उल्लेखित जिल्ला बाहेकका शिक्षण संस्थाहरुले परिषद्का सम्बन्धित क्षेत्रीय कार्यलयहरुमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। म्याद नाघी प्राप्त भएका परीक्षा आवेदन फारामहरु माथि कुनै पनि कारवाही हुने छैन।

१५. हुलाक, कुरीयर मार्फत पठाउने परीक्षा आवेदन फाराम समेत तोकिएको समय भित्र परीक्षा नियन्त्रण कार्यालय र सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा दर्ता नभएमा परीक्षा आवेदन फाराम स्वीकृत गरिने छैन। त्यसको जवाफदेही सम्बन्धीत शिक्षण संस्था स्वयं नै हुनुपर्नेछ।

१६. प्रवेश पत्र सम्बन्धित शिक्षण संस्थाले परीक्षा सुरु हुने एक हप्ता अगावै परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्बन्धित क्षेत्रीय कार्यालयहरुबाट बुझी लैजानु पर्नेछ। प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन।

१७. अन्य जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय तथा परिषद्का क्षेत्रीय कार्यालयहरुमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

**नोटः यो सूचना CTEVT को वेवसाईट www.ctevt.org.np मा पनि हेर्न सकिने छ।**

**परीक्षा नियन्त्रक**